# आ.व. २०७८/०७९ को चौथो त्रैमासिक प्रतिवेदन

## वासलात

| | | लेखा परीक्षण नभएको | लेखा परीक्षण नभएको | लेखा परीक्षण नभएको |
|---|---|---|---|---|
| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | १४६,००७,२५१,५४३ | १४०,५३७,५१७,५१२ | १२१,३१८,१५७,९३१ |
| १.१ | चुक्ता पूँजी | ८,२०७,९६६,५५४ | ८,२०७,९६६,५५४ | ७,१९९,९७०,६६१ |
| १.२ | जगेडा तथा कोष | २८८,३७०,४४० | ४,४४,९६५,१२७ | १,०१६,३४६,३१३ |
| १.३ | जीवन बीमा कोष | १३६,७९०,६३२,१०० | १३१,१६२,७२१,६१८ | ११२,५१२,९३४,०९९ |
| १.४ | महाविपत्ती कोष जगेडा | ७२०,२८२,४४८ | ७२१,८६४,२१२ | ५,८८,९०६,८५८ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | – | – | – |
| २ | उपयोग (२.१ देखि २.६ सम्म) | १४६,००७,२५१,५४३ | १४०,५३७,५१७,५१२ | १२१,३१८,१५७,९३१ |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ५२३,६८७,८४६ | ३०१,६१८,७०६ | ३,०८,९७२,०७८ |
| २.२ | दीर्घकालिन लगानी तथा कर्जा | ७८,६३२,९२४,४९९ | ५९,०६६,३७८,१७६ | ४८,३८१,७३३,४६३ |
| २.३ | बीमालेखको धितोमा कर्जा | २४,७६९,६१२,१८१ | २३,२२८,६१५,२६० | १९,५४६,३४२,५१८ |
| २.४ | खुद चालु सम्पत्ति (३-४) | ४२,०७७,९१६,१३६ | ५७,९३७,६१८,३९२ | ५३,०७७,२६९,६०२ |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | ३,११०,८७९ | ३,२८६,९७६ | ३,८४०,२६९ |
| २.६ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | – | – | – |
| | खुद चालु सम्पत्तिको विवरण | | | |
| ३ | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म) | ४८,४१२,८५१,७९५ | ६३,०१८,२६०,१६५ | ६०,१९९,५४३,३९२ |
| ३.१ | नगद तथा बैंक मौज्दात | २०२,३२७,९८१ | २०२,३२७,९८१ | ६४८,६६८,५८६ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | ४०,४२२,८८७,१७६ | ५२,८५७,७७३,०५३ | ४९,२७७,१११,१६० |
| ३.३ | अन्य सम्पत्ती | ७,७८७,६३६,६३६ | १०,०१७,६४७,८२७ | १०,२७३,७६३,६४६ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४ सम्म) | ६,३३४,९३५,६५८ | ५,०८०,६४१,७७३ | ७,१२२,२७३,७९० |
| ४.१ | चालु दायित्व | २,९२९,८६१,३०२ | २,२५२,३०६,५४२ | ३,८३७,०२६,१९८ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | ३१३,३२०,७८८ | २८८,१९४,१२९ | २८१,१२९,३४८ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | १,७१५,२६०,२६२ | १,२८५,८९२,१०९ | २,५५५,१८९,८२४ |
| ४.४ | अन्य व्यवस्था | १,३७६,४९३,३०५ | १,२५४,२४८,९९१ | ४४८,९२८,४१८ |

## नाफा-नोक्सान हिसाव

| | | | | |
|---|---|---|---|---|
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | ७८१,८७५,६२५ | ५४३,६८०,८७४ | ९२९,६०३,४२७ |
| १.१ | आय व्यय हिसाबबाट सारेको | २,७४७,२१३ | (३७,९१२,७७२) | ३४,८०२,६०२ |
| १.२ | जीवन बीमा कोषबाट सारेको | – | – | – |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | ७७९,१२८,४११ | ५८,१५९३,६४६ | ७०९,२४४,९३१ |
| १.४ | व्यवस्था फिर्ता | – | – | १८५,५५५,८९३ |
| १.५ | अन्य आम्दानी | – | – | – |
| २ | व्यवस्था तथा खर्चहरु (२.१ देखि २.८) | १,१३४,६१३,७८६ | ७३८,२४२,५८३ | ३९३,६५९,९९९ |
| २.१ | व्यवस्थापन खर्च | २४३,१५८,८७८ | १११,१९४,३९३ | २४३,८९५,३६४ |
| २.२ | अपलेखन खर्च | – | – | – |
| २.३ | अन्य खर्च | – | – | – |
| २.४ | नोक्सानीको लागि व्यवस्था | ७७८,०४४,८१० | ५२८,२९४,६५३ | – |
| २.५ | कर्मचारी आवास व्यवस्था | – | – | – |
| २.६ | कर्मचारी बोनस व्यवस्था | – | – | ६८,५७०,८०६ |
| २.७ | आयकर | ११३,४१०,०९८ | ९८,७५३,५३७ | ८१,१९३,८२८ |
| २.८ | जीवन बीमा कोषमा सारेको | – | – | – |
| | खुद नाफा/(नोक्सान) (१-२) | (३५२,७३८,१६०) | (१९४,५६१,७०९) | ५३५,९४३,४२८ |

*कम्पनीको बीमाङ्कीय मूल्याङ्कन पश्चात् प्राप्त हुने मुनाफा गणना गरिएको छैन ।

## एकीकृत आय-व्यय हिसाव

| | | | | |
|---|---|---|---|---|
| १ | आय (१.१ देखि १.७ सम्म) | ४९,६७६,२६६,४१२ | ३७,४०७,६०९,५०७ | ४३,९२४,४३४,४६३ |
| १.१ | बीमाशुल्क (खुद) | ३४,९८८,२७९,१४३ | २५,९९७,९०२,२९० | ३१,९६९,३८९,४३० |
| १.२ | पुनर्बीमा कमिशन आय | ९१,८६१,८५४ | १८,०५६,५१२ | २६,२७४,५७३ |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | ८,९४९,३०२,४२६ | ६,४७६,७२०,८९५ | ७,७७६,००३,७३७ |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | २,३८९,०२९,०३७ | १,७४३,३८०,९६९ | १,८३३,३४४,९२२ |
| १.५ | अन्य प्रत्यक्ष आय | ३८८,४५८,१२५ | ३०२,२१३,०१५ | ३०९,९९४,००७ |
| १.६ | यस वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | २,५५५,१८९,८२५ | २,५५५,१८९,८२५ | १,६१६,१४०,७९४ |
| १.७ | यस वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | ३१४,१४६,००० | ३१४,१४६,००० | ३९३,२८६,९९९ |
| २ | व्यय (२.१ देखि २.१० सम्म) | २३,७१०,६७६,१८९ | १७,२३७,९५१,८७६ | १८,६८१,७१४,९०९ |
| २.१ | दावी भुक्तानी (खुद) | १४,१६७,०३८,७४३ | १०,६०८,६०४,२०५ | ८,७८०,४८१,२३४ |
| २.२ | अभिकर्ता कमिशन | ३,५२९,९१३,२६५ | २,६३४,६५३,१०१ | ३,५५६,३०८,८८९ |
| २.३ | स्वास्थ्य परीक्षण शुल्क | १४,५१२,४११ | ९,१२९,७८६ | १७,४६८,९५५ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | – | – | – |
| २.५ | सेवा शुल्क (खुद) | ३४९,०३९,०६७ | २,५९,३२३,३७७ | ३१९,२१६,७३८ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | २,५७४,४३० | १,८०४,४४० | ३,१०२,६४० |
| २.७ | व्यवस्थापन खर्च | २,१८८,४२९,९०५ | १,०००,७४९,५३७ | २,१९५,०५८,२८२ |
| २.८ | आयकर | १,४३०,५८७,३१५ | १,१४९,६०१,१८९ | ९७३,७५८,९९६ |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था* | १,७१५,२६०,२६२ | १,२८५,८९२,१०९ | २,५५५,१८९,८२४ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम वापत व्यवस्था | ३१३,३२०,७८८ | २८८,१९४,१२९ | २८१,१२९,३४८ |
| ३ | वचत (१-२) | २५,९६५,५९०,२२३ | २०,१६९,६५७,६३० | २५,२४२,७१९,५५३ |
| ३.१ | जीवन बीमा कोषमा सारेको | २५,९६२,८४३,००९ | २०,२०७,५७०,४०२ | २५,२०७,९१६,९५१ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | २,७४७,२१३ | (३७,९१२,७७२) | ३४,८०२,६०२ |

*भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था अन्तर्गत अवधि समाप्ती (maturity payment), आंशिक अवधि समाप्ती दावी (Survival payment) र मृत्यु दावी (Death claim payment),पर्दछ । उल्लेखित रकम मध्य रु १.५८ करोड मृत्यु दावी (Death claim payment) वापत व्यवस्था गरिएको छ ।

## अन्य विवरण

| | | | | |
|---|---|---|---|---|
| १. | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (हाल सम्म) | १८७,१३६,७९५ | १७८,१३१,६२७ | १५१,६९१,८६५ |
| | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (यस आ.व.) | ३५,४४४,९३० | २६,४३९,७६१ | ३२,३६९,७५६ |
| २. | कुल कायम रहेको बीमालेखको संख्या | १,४२१,८९७ | १,३९९,९०८ | १,३८१,४३३ |
| ३. | घोषित मुनाफा (बोनस) को दर (७६-७७ सम्मको) | प्रति हजार रु. ५६/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ५६/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ५६/- देखि रु. ८२/- सम्म |
| ४. | अन्तरिम मुनाफा (बोनस) को दर (७७-७८ देखि हाल सम्म) | प्रति हजार रु. ५६/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ५६/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ५६/- देखि रु. ८२/- सम्म |
| ५. | कुल दावी भुक्तानी रकम (रु.हजारमा) | १३,३२७,१०९ | ९,३३९,३०६ | ९,७१९,५३० |
| ६. | कुल दावी भुक्तानी संख्यामा | ६८,७५० | ४८,९७५ | ४७,१३७ |
| ७. | भुक्तानी हुन बाँकी दावी रकम (रु.हजारमा) | १,७१५,२६० | १,२८५,८९२ | २,५५५,१८९ |

दृष्टव्य: १) कम्पनीको माथि उल्लेखित असमाप्त जोखिम वापतको व्यवस्था बीमाङ्कीय मूल्याङ्कन पश्चात् परिवर्तन हुन सक्ने छ ।
२) वित्तीय विवरणमा उल्लेख गरिएका विवरणहरु लेखा परीक्षण तथा नियमक निकायको निर्देशन पश्चात् हेरफेर हुन सक्ने छ ।

# आ.व. २०७८/०७९ को चौथो त्रैमासिक प्रतिवेदन

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम १ को प्रयोजनका लागि)

१) वित्तीय विवरण:

क) तेस्रो त्रैमासिक अवधिको वासलात, आयव्यय हिसाब तथा नाफा नोक्सान हिसाब सम्बन्धी मिति २०७९/०४/२७ गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

बीमाङ्कीय मूल्याङ्कन पश्चात प्राप्त हुने मुनाफा जोड्दा वित्तीय अनुपातहरु फरक पर्न सक्नेछ ।

| | | | | |
|---|---|---|---|---|
| *प्रति शेयर आम्दानी : (४.३०) | प्रति शेयर नेटवर्थ : ११२.२९ | पि.ई. अनुपात : (१७३.८२) | प्रति शेयर कुल सम्पत्तिको मूल्य : १,८५६ | औसत प्रतिफल दर : ९.५७ |


* प्रति शेयर आम्दानी गणना गर्दा अन्तिम शेयर संख्या लिएको छ ।


आ.व.२०७८/७९ चौथो त्रैमासिक सम्ममा रु. ३५.२७ करोड नोक्सानि भएको छ । गत वर्ष सोहि अवधिमा रु.५३.५९ करोड मुनाफा आर्जन भएको थियो । कम्पनीले असमाप्त जोखिम वापत व्यवस्थाको गणना गर्दा पुल व्यवस्थापन अघि आ.व. २०७५/७६ पौष मसान्त सम्ममा जारी गरिएका वैदेशिक रोजगार विमा मध्ये रु १,१३,४९,५२९.०५, पुल व्यवस्थापन पश्चात आ.व. २०७७/७८ सम्मको विमाङ्किय मुल्याङ्कनबाट आएको असमाप्त जोखिम वापत व्यवस्था रकम रु १८,७०,८१,०५७.०० को ६० % रु ११,२२,४८,६३४.२० र आ.व. २०७८/७९ को चौथो त्रैमास सम्मको पुल व्यवस्थापनबाट आएको बिमा शुल्क सहितको १२७.०८% रु १२,०१,१२,०२८.७४ र अन्य म्यादि रु ३,२७,८३,४४१.०० गरि जम्मा रु ३१,३३,२०,७८८.४९ व्यवस्था गरेको छ । सो वित्तीय विवरणमा आय व्यय हिसाबबाट रु. २,५९६.२८ करोड जीवन बीमाकोषमा सारी कुल जीवन बीमाकोष रु. १३,६७९.०६ करोड भएको छ ।


२) व्यवस्थापकिय विश्लेषण:


क) कम्पनीको चौथो त्रैमासिक अवधिसम्ममा कुल बीमाशुल्क आर्जन रु. ३,५४४.४९ करोड रहेको छ जुन गत बर्षको सोहि अवधिमा प्राप्त कुल बीमाशुल्क रु.३,२३६.९८ करोडको तुलनामा ९.५० प्रतिशतले बृद्धी भएको हो । आकर्षित प्रतिफल, समयानुकुल बजार प्रवर्द्धन रणनीति, बढ्दो जनचेतना र बीमितको सर्वोपरी हितका लागि गर्दै आएका प्रयासका कारण कम्पनीले उत्कृष्ट बजारहिस्सा ओगट्दै आएको छ ।
कम्पनीले यस चौथो त्रैमासिक अवधिसम्ममा रु. १,३३२.७१ करोड कुल दावी भुक्तानी गरेको छ । कम्पनीले सकेसम्म छिटो र छरितो तरिकाले बीमितहरुको दावी भुक्तानी गर्ने नीति अवलम्बन गरेको छ ।
कम्पनीले चौथो त्रैमासिक अवधिसम्ममा रु. १४३.८२ अरव भरपर्दो एवं सुरक्षित क्षेत्रमा लगानी गर्न सफल भएको छ, जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. १११.४६ अरव मा २१.२५ प्रतिशतको बृद्धि हो । कम्पनीले नेपाल लाइफ क्यापिटल लि. अधिग्रहण गरी तहाँको ५१ प्रतिशत शेयर रु. १५.३० करोड दिर्घकालिन लगानीमा समावेश गरेको छ । कम्पनीले बीमा समितिको लगानी निर्देशिका बमोजिम सुरक्षित क्षेत्रमा लगानी गर्दै आएको छ । बढ्दो बीमाशुल्क आर्जन र सुरक्षित लगानि बृद्धिले कम्पनीको वित्तीय क्षमता सुदृढ बनाएको छ ।

कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन बीमा योजना अन्तर्गत प्राप्त प्रथम बीमाशुल्कको वर्गिकरण यस अनुसार छ ।




(*बीमाङ्कीय मूल्याङ्कन हुन बाँकी)

ख) कम्पनीले विद्यमान प्रतिस्पर्धात्मक अवस्थामा समयानुकुल व्यवसायिक योजना र रणनीति अवलम्बन गर्दै आएको छ । फलस्वरुप, कम्पनीको व्यवसायिक विस्तारमा तीव्रता तथा बीमितहरुलाई उच्च स्तरीय सेवा दिन लक्ष्य अनुरुप उपलब्धी हासिल गर्दै गएको र बाँकी अवधिमा पनि व्यवसाय तथा सेवा विस्तारमा विशेष ध्यान दिने लक्ष्य लिएको छ ।

ग) विगतको अनुभवबाट कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि देखिएको छैन ।

३) कानूनी कारवाही सम्बन्धी विवरण : नभएको

४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

क) समिक्षा अवधिमा भएको कम्पनीको शेयर कारोवार वास्तविक र यथार्थपरक रहेको पाएका छौं ।

ख) त्रैमासिक अवधिको शेयर कारोबारको विवरण निम्न बमोजिम रहेको छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| अधिकतम मूल्य : रु ९७५.८ | न्यूनतम मूल्य : रु ६५४ | अन्तिम मूल्य : रु ७४७ | कारोबार संख्या : २२,९९,०३१ कित्ता | कारोबार दिन : ६४ दिन | कारोबार रकम :रु १,८५,७९,११,९६६.४० |

५) समस्या र चुनौती: मुलुकमा जीवन बीमा व्यवसाय प्रति सकारात्मक भावनाको विकास भइरहेकोले जीवन बीमालाई सामाजिक सुरक्षा तथा अनुशासित बचतको माध्यमको रुपमा स्थापित गर्न बीमा जागरण अभियानलाई थप ससक्त बनाउन जरुरी छ । दीर्घकालिन लगानीको अवसर न्यून भएकोले परम्परागत लगानीका क्षेत्रहरुमा मात्र लगानी एकीकृत भइरहने हुँदा केन्द्रित जोखिमको अवस्था रहेको छ । यसै गरी दक्ष जनशक्तिको अभावले केही चुनौतीहरु थपिएका छन । कम्पनीले समयानुकुल व्यवसायिक रणनीतिको कार्यान्वयनद्धारा चुनौतीहरुलाई अवसरमा परिणत गर्दै जानेमा विश्वास लिएको छ ।

६) संस्थागत सुशासन: कम्पनीले पारदर्शिता तथा जवाफदेहितालाई प्रथम प्राथमिकतामा राख्दै आएको छ । कम्पनीको अनलाईन कारोबार प्रणालीले आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न सहयोग पुऱ्याएको छ । कम्पनीले आफ्नो हिसाब किताब सर्वमान्य लेखा सिद्धान्त, नेपाल लेखामान मापदण्ड अनुरुप राख्दै कम्पनीको कारोबारहरुलाई समयमै लेखा परीक्षण गर्दै आएको छ । कम्पनीले आफ्नो आन्तरिक नियन्त्रणलाई सबल बनाउन आन्तरिक लेखा परीक्षकको रुपमा CA Firm लाई outsource गरी प्रत्येक त्रैमासिक अवधिको प्रतिवेदन प्राप्त गरी बीमा समितिमा पठाउने गरिएको छ । कम्पनीले नियमनकारी निकायले औंल्याएका कैफियतहरुलाई पालना गरि बीमा समितिद्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका बमोजिमका प्रावधानहरु कार्यान्वयन गर्ने तर्फ व्यवस्थापन दृढ रहेको छ ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण: आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

प्रविण रमण पराजुली
प्रमुख कार्यकारी अधिकृत

रजिष्टर्ड कार्यालय: मेनरोड वीरगञ्ज (पर्सा) प्रधान कार्यालय: कमलादी, काठमाडौं
फोन नम्बर: ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९
www.nepallife.com.np | info@nepallife.com.np

किनकि जीवन अमूल्य छ...